# नतिजामा आधारित
# छोटो अवधिको व्यावसायिक तालिम
# अनुगमन सहयोगी पुस्तिका-२०७४

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना - दोस्रो**
**(EVENT - II)**
बुद्धनगर, काठमाडौं
२०७४

**प्रकाशकः** व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना - दोस्रो (EVENT II)
बुद्धनगर, काठमाडौँ
फोन ९७७१४७८६२११, ४७८६४११
फ्याक्स ९७७१४१११७७५
टोल फ्रि नम्बरः १६६००१६७७७७
वेबसाइटः www.event.gov.np
इमेलः info@event.gov.np

© **अधिकार** प्रकाशकमा

व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (दोस्रो), बुद्धनगर, काठमाडौं

**प्राविधिक सहयोगः** SDC/HELVETAS Swiss Intercooperation, Nepal

**मुद्रणः** एम.एस. प्रिन्टिङ्ग सोलुसन, ०१-५१९९३९८

**छपाइ प्रतिः**

# दुई शब्द

नेपाल सरकार र विश्व बैंकको आर्थिक सहयोगमा संचालित व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना - दोस्रो (२०१७-२०२२) ले नतिजा र भौचरमा आधारित छोटो अवधिको तालिम (३९० घण्टा) संचालन गर्दै आएको छ । तालिमले सुविधाविहिन समूह विशेषतः लोपोन्मुख जनजाति, अति सीमान्तकृत, सीमान्तकृत जनजाति, पूर्व कमैया, पूर्व हलिया, दलित, एकल महिला, अपाङ्गता भएका व्यक्ति, मधेसी, मुस्लिम र महिलाका साथै मानव विकास सूचकांकको आधारमा पछि परेका जिल्लाका गरिब युवाहरुलाई लक्षित गरेको छ । परियोजना अवधिभर करिब १ लाख २५ हजार १६ देखि ४० वर्ष उमेर समूहका गरिब युवाहरुलाई निःशुल्क तालिम प्रदान गरिने छ । संचालित तालिम कार्यक्रम कार्यान्वयनको प्रभावकारी अनुगमनका लागि अनुगमनकर्तालाई सहयोग पुऱ्याउन यो अनुगमन सहयोगी पुस्तिका तयार गरिएको छ ।

नतिजामा आधारित छोटो अवधि तालिमको केन्द्र र जिल्लाबाट समेत अनुगमन हुने व्यवस्था मिलाइएको छ । केन्द्रीय स्तरमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवको अध्यक्षतामा रहेको परियोजना कार्यान्वयन समितिका साथै परियोजना सचिवालयबाट समेत नियमित अनुगमन गरिने व्यवस्था छ । जिल्ला स्तरमा संचालन हुने तालिमको लागि संयुक्त अनुगमन समूहले तालिम अवधिमा ६ पटक अनुगमन गर्नेछ । ६ पटकको अनुगमनबाट तालिमको गुणस्तरमा प्रभावकारी अभिवृद्धि हुनुका साथै तालिम पश्चात प्रशिक्षार्थीहरु रोजगारीमा सहभागी गराउने कार्यमा समेत सहजीकरण हुने छ । यस पुस्तिकामा अनुगमनका चरण, प्रक्रिया र फारमको प्रयोग विधि र अनुगमन प्रतिवेदनको कार्य समेतलाई समेटिएको छ । यसको प्रयोगबाट अनुगमनकर्ताका लागि अनुगमन कार्यमा मार्ग निर्देश समेत हुने अपेक्षा लिइएको छ ।

अन्तमा पुस्तिका तयार गर्ने कार्यमा सहयोग गर्नुहुने इभेन्ट परियोजना सचिवालयका कर्मचारीहरु तथा प्राविधिक सहायता प्रदान गर्ने SDC/HELVETAS Swiss Intercooperation, Nepal परिवार धन्यवादका पात्र छन् ।

परियोजना सचिवालय

व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना-दोस्रो

# विषयसूची


| | |
|---|---|
| १. परिचय | १ |
| २. लक्षित समूह | १ |
| ३. भुक्तानी प्रक्रिया | २ |
| ४. अनुगमनमा प्राविधिक सहायता | ३ |
| ५. अनुगमन ढाँचा तथा संयन्त्र | ३ |
| ६. अनुगमनका चरणहरु | ४ |
| ६.१ तालिम पूर्व गरिने अनुगमन | ५ |
| ६.२ तालिम अवधिमा गरिने अनुगमन | ५ |
| ६.३ तालिम पश्चात गरिने अनुगमन | ५ |
| ७. अनलाईन डाटावेश अध्यावधी | ६ |
| अनुसूची-१: तालिम स्थल रुजु सूची फारम | ७ |
| अनुसूची-२: अन्तरवार्ता अवलोकन फारम | ९ |
| अनुसूची-३: तालिम सञ्चालन अनुगमन फारम–१ | १२ |
| अनुसूची-४: तालिम सञ्चालन अनुगमन फारम–२ | १५ |
| अनुसूची-५: सीप परीक्षण सम्बन्धी अनुगमन फारम | १८ |
| अनुसूची-६: प्रशिक्षार्थीको रोजगारी तथा आम्दानी रुजु | २० |
| अनुसूची-७: रोजगार तथा आम्दानी प्रमाणीकरणका लागि रुजु सूची | २५ |

## १. परिचय

नेपाल सरकार र विश्व बैंक बीच सन् २०११ जुलाईमा सम्झौता भई व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (इभेन्ट) को पहिलो चरण सफलता पूर्वक सम्पन्न भइ आगामी ५ बर्षको लागि करिब ६ अर्वको लगानी रहने गरी इभेन्ट परियोजना-दोस्रो (२०१७-२०२२) शुरु भएको छ । इभेन्ट परियोजना दोस्रोको मूख्य उद्देश्य बजारको माग अनुसारको तालिममा युवाहरुको समतामूलक पहुँच बढाउनुको साथै नेपालमा प्राविधिक र व्यावसायिक शिक्षा तथा तालिम पद्दतिलाई सुदृढ बनाउनु हो । परियोजनाले Results-based Financing/ Project Management, Monitoring and Evaluation गरी दुई वटा कम्पोनेन्टमा कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिएको छ ।

परियोजना अवधिमा Results-based Financing अन्तरगत नतिजामा आधारित र भौचरमा आधारित करिब १,१५,००० गरिब तथा विपन्न युवाहरुलाई छोटो अवधिको व्यावसायिक तालिम प्रदान गरी रोजगार तथा सीपमूलक दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य लिएको छ ।

## २. लक्षित समूह

छोटो अवधिको व्यावसायिक तालिमले खासगरी सुविधाविहीन समूहका साथै विशेष अवस्थाका गरिब बेरोजगार युवाहरूलाई तालिमको अवसरमा प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्नेछ । तालिम तथा रोजगार प्रदायक संस्थालाई तपसिल वमोजिमको प्रशिक्षार्थीको वर्गिकरणको आधारमा थप प्रोत्साहन रकम उपलब्ध गराइने छ ।

| लक्षित वर्ग | लक्षित समूह | प्रोत्साहनको व्यवस्था |
|---|---|---|
| क | दलित[१] (महिला तथा पुरुष), विशेष समूह (एकल महिला र अपाङ्गता भएका व्यक्ति) लोपोन्मुख जनजाति[२], अति सीमान्तकृत जनजाति[३], पूर्व कमैया, (कमलर/कमलरी) र पूर्व हलिया | १००% |

१. बादी, चुनारा, दमाइ, गाइने, कामी, कदारा, पार्की, सार्की, सुनार, च्यामे, कसाइ, कुचे, कुसुले, पोडे, बाँतर, चमार, चिडिमार, धैनर, डोम, दुसाध, गोथे, हलकर, झागड, खत्वे, लोहार, मुसहर, पासवान, तत्मा

२. किसान, कुसवाडिया, कुसुण्डा, मेचे, राजी, राउटे, लेप्चा, वनकरिया, सुरेल र हायु

३. चेपाङ, झाँगड, थामी, थुदाम, धानुक, दनुवार, बरामु, बोटे, माझि, ल्होमी, सतार, सन्थाल र सियार

| | | |
|---|---|---|
| ख | गरिब महिलाहरु (दलित बाहेक), सीमान्तकृत[४], अन्य जनजाति[५] मुस्लिम, मानव विकास सूचकांकको आधारमा पछि परेका जिल्लाका[६] गरिब युवाहरु र गरिब मधेशी पुरूषहरु | ८०% |
| ग | अन्य गरिब पुरुषहरु | ६०% |

## ३. भुक्तानी प्रक्रिया

प्रशिक्षार्थी छनोट सहयोगी पुस्तिका २०७४ मा उल्लेख भए अनुसार भौगोलिक हिसावले पछि परेका १४ जिल्लामा छोटो अवधिको तालिम संचालन गरेका तालिम तथा रोजगार प्रदायक संस्थालाई प्रति प्रशिक्षार्थी तालिम संचालनको प्रत्यक्ष लागतमा १० प्रतिशत थप गरी भुक्तानी दिइनेछ। छोटो अवधिको तालिम संचालन गर्ने तालिम तथा रोजगार प्रदायक संस्थाहरुलाई यस परियोजनाको भुक्तानी प्रणाली निम्नानुसार हुनेछ।

| तालिम शुरु भई पहिलो चरणको अनुगमन पश्चात | तालिम सम्पन्न भई सीप परीक्षण पश्चात | ३ महिनाको आम्दानी रुजु पश्चात | ६ महिनाको आम्दानी रुजु पश्चात |
|---|---|---|---|
| १०% | ४०% | २५% | २५% |

३ महिनाको रोजगारी तथा आय प्रमाणीकरण गर्ने क्रममा तालिम तथा रोजगार प्रदायक संस्थाको उपलब्धिमुलक अपेक्षित रोजगार (Gainful Employment) को परिणाम ५० प्रतिशत भन्दा बढी हुनुपर्नेछ। ५० प्रतिशत भन्दा कम भएमा ६ महिनाको आम्दानी रुजु पश्चात मात्र भुक्तानी गरिनेछ। ६ महिनाको रोजगारी तथा आय प्रमाणीकरण गर्ने क्रममा उपलब्धिमुलक अपेक्षित रोजगारको परिणाम ५० प्रतिशत भन्दा बढी भएमा मात्र भुक्तानी गरिनेछ।

---

४. सुनुवार, थारु, तामाङ, भुजेल, कुमाल, राजवंशी, गन्गाई, धिमाल, भोटे, दराई, ताजपुरिया, पहरी, तोक्पेगोला, डोल्पो, फ्री, मुगाल, लार्के, ल्होपा, दुरा र वालुङ

५. गुरुङ, मगर, राई, लिम्बु, छैरोतन, तांबे, तीन गाउले थकाली, बार्हगाउले, मार्फाली थकाली, शेर्पा, याक्खा, छन्त्याल, जिरेल, ह्योल्मो, व्यांसी थकाली र नेवार

६. मुगु, बाजुरा, कालिकोट, बझाङ, जाजरकोट, अछाम, हुम्ला, रोल्पा, महोत्तरी, र रौतहट

७ ताप्लेजुङ, सोलुखुम्बु, मनाङ, रोल्पा, रुकुम, हुम्ला, जुम्ला, मुगु, कालिकोट, डोल्पा, जाजरकोट, बझाङ, बाजुरा, दार्चुला।

## ४. अनुगमनमा प्राविधिक सहायता

नेपाल सरकार र स्वीस सरकार बीच भएको सम्झौता बमोजिम हेल्भेटास नेपालले इभेन्ट परियोजना दोस्रो अन्तरगत नतिजा/भौचरमा आधारित छोटो अवधिको व्यावसायिक तालिमको प्रभावकारी कार्यान्वयन र गुणस्तर सुनिश्चितताको लागि प्रविधिक सहायता प्रदान गर्नेछ ।

छोटो अवधिको तालिम अन्तरगत ३९० घण्टे नतिजामा आधारित र भौचरमा आधारित तालिमको अनुगमन गर्ने निकाय/पदाधिकारीहरुका लागि अनुगमन कार्यमा सहजताका साथै एकरुपता कायम गर्नका लागि यो सहयोगी पुस्तिका तयार पारिएको छ ।

## ५. अनुगमन ढाँचा तथा संयन्त्र

छोटो अवधिको व्यावसायिक तालिमको प्रभावकारी कार्यान्वयन र तालिमको गुणस्तरता कायम राख्नका लागि निम्न तहबाट अनुगमन गरिनेछ ।

**क) परियोजना कार्यान्वयन समिति र इभेन्ट सचिवालयः-** शिक्षा, विज्ञान तथा प्रविधि सचिवको अध्यक्षतामा रहेको परियोजना कार्यान्वयन समिति र इभेन्ट परियोजना निर्देशकको नेतृत्वमा रहेको परियोजना सचिवालयले छोटो अवधिको व्यावसायिक तालिमको आवश्यकता अनुसार अनुगमन गर्नेछ ।

**ख) संयुक्त अनुगमन टोलीः-** नतिजामा आधारित र भौचरमा आधारित छोटो अवधिको तालिम संचालन प्रभावकारिताका लागि स्थानीय तहमा तपसिल बमोजिमको सदस्य रहने गरी तीन सदस्यीय संयुक्त अनुगमन टोली गठन गरिएको छ ।

१. जिल्ला शिक्षा विकास तथा समन्वय एकाई/गाउँ पालिका/नगर पालिकाको शिक्षा इकाईको प्रतिनिधि - १ जना
२. शैक्षिक तालिम केन्द्र वा सिटिइभिटि/आंगिक शिक्षालय/TECS को प्रतिनिधि - १ जना र
३. SDC/HELVETAS Swiss Intercooperation, Nepal को प्रतिनिधि - १ जना

संयुक्त अनुगमन टोलीले तालिम संचालन स्थल रुजु, प्रशिक्षार्थी छनोटमा सहजीकरण, तालिम अवधिमा गरिने अनुगमन, सीप परीक्षण, ३ र ६ महिने रोजगार तथा आम्दानी प्रमाणीकरण सहित कम्तिमा ६ पटक अनुगमन गरी प्राप्त सूचना EVENT Database मा अपडेट गर्नु पर्नेछ । यसको अतिरिक्त संयुक्त

अनुगमन टोलीको मुख्य गरी तपसिल वमोजिमको कार्य तोकिएको छ ।

**संयुक्त अनुगमन टोलीको कार्य/जिम्मेवारी**

१. तालिम तथा रोजगार प्रदायक संस्थासँग समन्वय गरी आफ्नो क्षेत्रको अनुगमन योजना बनाउने ।

२. तालिम कार्यक्रमको प्रभावकारिता र गुणस्तर कायम गर्नको लागि आवश्यकता अनुसारको अनुगमन फारम प्रयोग गरि तीनै चरणमा कम्तिमा ६ पटक सम्म अनुगमन गर्ने ।

३. अनुगमन पश्चात् तालिम प्रदायक संस्थालाई आवश्यक पृष्ठपोषण दिने र इभेन्ट सचिवालयलाई प्रतिवेदन दिने ।

४. अनुगमन पश्चात् आवश्यक सूचना तथा तथ्यांकलाई इभेन्टको डाटाबेसमा प्रविष्ट गर्ने ।

५. तालिम तथा रोजगार प्रदायक संस्थाहरुलाई अनुगमन सहयोगी पुस्तिकामा उल्लेख भए अनुसार रकम भुक्तानीको लागि इभेन्ट सचिवालयमा सिफारिस गर्ने ।

६. रोजगार तथा आम्दानीको रुजु पश्चात संक्षिप्त प्रतिवेदन तयार गरी तालिम तथा रोजगार प्रदायक संस्था र इभेन्ट सचिवालयमा पठाउने ।

७. प्रदेश/जिल्ला/स्थानीय तहमा तालिम तथा रोजगार प्रदायक संस्थाहरुका लागि कार्यक्रम र अनुगमन सम्बन्धी विषयहरुमा बैठक सञ्चालन गर्ने ।

८. तालिम तथा रोजगार प्रदायक संस्थाले तालिम स्थल परिवर्तन र प्रशिक्षक परिवर्तनका लागि आवेदन दिएमा उपयुक्तताको प्रमाणीकरण गरी अनुमति प्रदान गर्ने र त्यसको जानकारी इभेन्ट सचिवालयलाई गराउने ।

**ग) तालिम तथा रोजगार प्रदायक संस्थाः-** परियोजनाले प्राथमिक अनुगमनकर्ताको रुपमा तालिम तथा रोजगार प्रदायक संस्थालाई जिम्मेवार बनाएको छ। तालिम सञ्चालनको तीन वटै चरण (तालिम पूर्व, तालिम अवधि र तालिम पश्चात) को सम्पूर्ण सूचना तथा तथ्यांकहरु इभेन्टको अनलाईन डाटावेसमा प्रविष्ट गर्नु पर्नेछ । त्यही सूचना तथा तथ्यांकको आधारमा संयुक्त अनुगमन टोलीले तालिमको अनुगमन गर्नेछ ।

## ६. अनुगमनका चरणहरू

छोटो अवधिको व्यावसायिक तालिम मुख्य गरेर तीन चरणमा अनुगमन गरी

तालिमको गुणस्तर र उपलब्धिमूलक अपेक्षित आयको प्रमाणीकरण गरिनेछ । तालिम संचालन पूर्व तालिम संचालन स्थल रुजुका लागि एक पटक, तालिम संचालन अवधिमा दुई पटक अनुगमन गरिनेछ । साथै तालिम पश्चात् राष्ट्रिय सीप परीक्षण समितिबाट लिईने सीप परीक्षणको अनुगमन १ पटक, ३/६ महिनाको रोजगारी एवम् आम्दानी प्रमाणीकरण १/१ पटक गरिनेछ ।

## ६.१ तालिम पूर्व गरिने अनुगमन

तालिम तथा रोजगार प्रदायक संस्थाहरुको छनौट प्रक्रिया पुरा भई सकेपछि सो संस्थाको अनुरोधमा संयुक्त अनुगमन टोलीले अनुसूची १ को प्रयोग गरी तालिम संचालन स्थल रुजु गर्नेछ । अनुगमन पश्चात पाठ्यक्रममा व्यवस्था भए अनुसार तालिम संचालन हुने स्थान उपर्युक्त भए नभएको सिफारिस समेत गर्नेछ । नतिजामा आधारित छोटो अवधिको तालिमको हकमा अनुगमन टोलीको सिफारिस पश्चात तालिम तथा रोजगार प्रदायक संस्थाले प्रशिक्षार्थी छनौट सहयोगी पुस्तिका २०७४ को आधारमा अन्तरवार्ता लिने छ । संयुक्त अनुगमन टोलीले अनुसूची २ को प्रयोग गरी अन्तरवार्ता अवलोकन गर्नेछ ।

## ६.२ तालिम अवधिमा गरिने अनुगमन

नतिजा/भौचरमा आधारित छोटो अवधिको तालिम संचालनको क्रममा संयुक्त अनुगमन टोलीले कम्तीमा दुई पटक अनुगमन गर्नेछ । अनुसूची ३ को प्रयोग गरी पहिलो अनुगमन तालिम सुरु भएको एक महिना भित्र र अनुसूची ४ को प्रयोग गरी दोस्रो अनुगमन तालिम सुरु भएको ४५ दिन पश्चाात गर्नु पर्नेछ । तालिम अवधिमा गरिने अनुगमनको प्रमुख उद्देश्य तालिममा गुणस्तरता कायम गर्नु हुनेछ । संयुक्त अनुगमन टोलीले विषयगत पाठ्यक्रम र इभेन्ट परियोजनाको वेवसाईटमा रहेको विषयगत गुणस्तर मापन सूचकलाई आधार लिई अनुगमन गर्नु पर्नेछ ।

छोटो अवधिको तालिमको विषयगत पाठ्यक्रमले ओजेटी (OJT) संचालन हुने भनि तोकिएको अवस्थामा ओजेटी अवधिमा समेत अनुगमन गरिनेछ ।

## ६.३ तालिम पश्चात गरिने अनुगमन

नतिजा/भौचरमा आधारित छोटो अविधिको तालिम समापन भए पश्चात कम्तीमा तीन पटक अनुगमन गरिनेछ । तालिम पश्चात गरिने अनुगमनको मुख्य

उद्देश्य सीप परीक्षण र आय तथा रोजगारको सुनिश्चितता गर्नु हुनेछ । तालिम तथा रोजगार प्रदायक संस्थाको समन्वयमा राष्ट्रिय सीप परीक्षण समितिबाट प्रशिक्षार्थीहरुको सीप परीक्षण गराईनेछ । सीप परीक्षणका सन्दर्भमा अनुसूची ५ बमोजिमको फारम प्रयोग गरी संयुक्त अनुगमन टोलीले अनुगमन गर्नेछ । तालिम तथा रोजगार प्रदायक संस्थाले तालिम समापन पश्चात प्रशिक्षार्थीहरुलाई कम्तिमा छ महिनासम्म रोजगारीको सुनिश्चितताको लागि निरन्तर सहयोग गर्नुपर्नेछ । संयुक्त अनुगमन टोलीले अनुसूची ६ को प्रयोग गरी तीन महिना र छ महिनाको दुई पटक रोजगारी एवम् आम्दानी प्रमाणीकरण गर्नेछ । तीन महिना पश्चात्को अनुगमनले प्रशिक्षार्थी रोजगारीमा भए नभएको सुनिश्चितता र छ महिना पश्चात् गरिने अनुगमनले प्रशिक्षार्थी उपलब्धिमूलक अपेक्षित रोजगार (Gainful Employment) भए नभएको प्रमाणीकरण हुनेछ ।

Gainful Employment हुनका लागि तपसिल बमोजिको औसत/छ महिनाको आम्दानी हुनुपर्नेछ ।

| देश | मासिक औषत आम्दानी (ने.रु.) | ६ महिनाको कुल आम्दानी (ने.रु.) |
|---|---|---|
| नेपाल | ९,७००/- | ५८,२००/- |
| भारत | १५,५००/- | ९३,०००/- |
| बैदेशिक रोजगार (भारत बाहेक अन्य) | २,०००/- | १,५०,०००/- |

प्रशिक्षार्थीहरुले रोजगार र स्वरोजगारबाट माथि उल्लेखित औषत रकम आम्दानी गरेको हुनुपर्नेछ । यसरी आम्दानीको प्रमाणीकरण गर्दा सामान्य अवस्थामा वाहेक अनुसूची ७ लाई आधार मानिने छ ।

## ७. अनलाईन डाटावेश अद्यावधि

संयुक्त अनुगमन टोलीले विभिन्न चरणमा गरेको अनुगमनको आधारमा प्रयोग गरेको अनुसूची फारमको विवरण परियोजनाको अनलाईन डाटावेशमा अपलोड गर्नुपर्नेछ । डाटावेशमा अपलोड गरेको विवरणको आधारमा तालिम तथा रोजगार प्रदायक संस्थाहरुसँग परियोजना सचिवालयले गरेको सम्झौता र भुक्तानी प्रणाली अनुसार रकम भुक्तानी गरिनेछ ।

अनुसूची-१

# तालिम स्थल रूजु सूची फारम

तालिम प्रदायक संस्थाको नामः................................ ठेगानाः......................

तालिम समूह नं.................... तालिमको नामः..........................................

तालिम संचालन स्थानः जिल्ला.................... गा.पा/न.पा..............................

वडा नं........... टोल..............

प्रस्तावित तालिम सुरु हुने मितिः..................... सम्पन्न हुने मितिः...................

तालिम संचालन हुने समय ..................... देखि............................

तालिम प्रदायक संस्थाको प्रतिनिधिको नामः........... पद.......... सम्पर्क नं.:...........

मुख्य प्रक्षिकको नामः............................................... योग्यता.......................

सहायक प्रशिक्षकको नामः ................................. योग्यता...........................

| क्र. सं. | तालिम संचालन लागि उपलब्ध पूर्वाधारहरु (पाठ्यक्रमको आधारमा) | आवश्यक पूर्वाधार | | कैफियत |
|---|---|---|---|---|
| | | छ | छैन | |
| १ | तालिम हल (आवश्यक क्षेत्रफल, फर्निचर, प्रकाश, हावा पास हुने, खाने पानीको व्यवस्था) | | | |
| २ | शौचालयको व्यवस्था (महिला/पुरुष) | | | |
| ३ | मुख्य मुख्य तालिम सामग्री तथा औजारहरु | | | |
| ४ | मुख्य प्रशिक्षकले ToT लिएको | | | |
| ५ | सहायक प्रशिक्षकले ToT लिएको | | | |
| ६ | राष्ट्रिय पेशागत सीप मापदण्ड (NOSS) भएको | | | |
| ७ | पाठ्यक्रम | | | |
| **तालिमका लागि व्यवस्था गर्नु पर्ने अन्य कुराहरु** | | | | |
| १ | प्राथमिक उपचारका सामग्री | | | |
| २ | सुरक्षाका सामग्रीहरु | | | |

| | | | | |
|---|---|---|---|---|
| ३ | तालिम सत्र योजना र अभिलेख पुस्तिका (लग वुक) | | | |
| ४ | आगन्तुक पुस्तिका | | | |
| ५ | मसलन्द सामग्री | | | |
| ६ | प्रशिक्षक र प्रशिक्षार्थीहरुको हाजिरी पुस्तिका | | | |
| ७ | तालिम सामग्री (ह्वाइट वोर्ड, मेटा कार्ड, इत्यादी) | | | |
| ८ | जानकारी पत्र | | | |
| ९ | व्यानर (साइज अनुसारको) | | | |

क: तालिम संचालन गर्न सकिने छ छैन

ख: तालिम संचालन गर्नको लागि अनिवार्य गर्नु पर्ने वुँदाहरु १ २ ३ ४ ५ ६ ७

ग: तालिम संचालनका लागि पुन अनुगमन पछिको अवस्था ठिक छ ठिक छैन

सुझाव.......................................................................................................

| | | |
|---|---|---|
| अनुगमनकर्ता | अनुगमनकर्ता | अनुगमनकर्ता |
| नाम: | नाम: | नाम: |
| दस्तखत: | दस्तखत: | दस्तखत: |

मिति:

अनुसूची-२

## अन्तरवार्ता अवलोकन फारम

तालिम प्रदायक संस्थाको नामः.................................... ठेगानाः......................
तालिम समूह नं........................ तालिमको नामः..........................................
तालिम संचालन स्थानः जिल्ला............ गा.पा/न.पा..........................वडा नं............टोल..............
प्रस्तावित तालिम सुरु हुने मितिः........................... सम्पन्न हुने मितिः................
तालिम संचालन हुने समय .................... देखि..............................
तालिम प्रदायक संस्थाको प्रतिनिधिको नामः................................. पद..............
सम्पर्क नं.ः.......................
मुख्य प्रक्षिकको नामः .................................. योग्यता.................................
सहायक प्रशिक्षकको नामः ............................. योग्यता.................................

**२. सर्वसाधारणको जानकारीको लागि सूचनाको माध्यम के के अपनाइएको थियो ? र कति पटक ?**

- ☐ स्थानीय पत्रपत्रिका (.........पटक) ☐ राष्ट्रिय पत्रपत्रिका (.........पटक)
- ☐ रेडियो/एफ.एम.(.........पटक) ☐ टि.भी. (.......... पटक)
- ☐ पम्पलेट/पोष्टर ☐ व्यक्तिगत सम्पर्क
- ☐ अन्य (उल्लेख गर्ने) ......................

(तालिम कार्यक्रम सम्बन्धी सार्वजनिक सूचना निकालेको पत्रपत्रिकाको कटिङ वा पोष्टर संकलन गर्ने)

**३. प्रकाशित/प्रसारित सार्वजनिक सूचनामा निम्न कुराहरु उल्लेख गरिएको थियो ?**

| तालिमबारे जानकारी | मुख्य जानकारी | आवेदन बारे जानकारी |
|---|---|---|
| ☐ तालिमको शीर्षक<br>☐ तालिम सुरु हुने मिति<br>☐ तालिम समाप्त हुने मिति<br>☐ तालिम अवधि (घण्टा)<br>☐ तालिम सञ्चालन हुने स्थान<br>☐ सम्पर्क व्यक्तिको नाम<br>☐ सम्पर्क व्यक्तिको नम्बर | ☐ सर्वसाधारणको लागि निःशुल्क<br>☐ प्राथमिकता समूह (दलित, जनजाति, महिला)<br>☐ सहयोगी संस्था | ☐ आवेदन फारम पाउने स्थान<br>☐ आवेदन फारम बुझाउने स्थान<br>☐ आवेदन दिने अन्तिम मिति |

४. तालिम सुरु हुने मिति भन्दा कति दिन अगाडि सार्वजनिक सूचना प्रकाशित गरिएको थियो ? .............दिन

५. तालिम प्रदायक संस्थाले, इभेन्टले दिएको ढाँचामा सूचना प्रकाशित गरेको ☐ छ ☐ छैन ।

६. स्थानीय तहमा तालिम संचालन सम्बन्धी लिखित जानकारी गराएको ☐ छ ☐ छैन ।

७. अन्तरवार्ता सम्बन्धी विवरण :

अन्तरवार्ता मितिः ................................. इ.सं. (गते/महिना/साल)

अन्तरवार्ता भएको स्थानः जिल्ला............ गा.पा./न.पा..............टोलः..........

यस समूहको तालिमको लागि प्राप्त जम्मा आवेदन संख्याः .............. जना, महिला .......... पुरुषः.............

**८. अन्तरवार्ता समयमा छनौट समितिका निम्न लिखित को-को उपस्थित छन् ?**

| सदस्यहरु | सदस्यको नाम | संस्था | पद |
|---|---|---|---|
| तालिम प्रदायक संस्थाका प्रतिनिधि | | | |
| विषय विज्ञ/प्रशिक्षक | | | |
| सम्भाव्य रोजगारदाता प्रतिनिधि | | | |
| इभेन्टको प्रतिनिधि | | | |
| इभेन्टको प्रतिनिधि | | | |
| अन्य (उल्लेख गर्ने).................. | | | |

**९. तालिम सहभागी छनौटका लागि प्रशिक्षार्थी छनोट मूल्यांकनका आधार प्रयोग गरेको ☐ छ ☐ छैन ।**

**१०. सहभागी छनौटका लागि स्तर निर्धारण फारमको प्रयोग गरिएको ☐ छ ☐ छैन ।**

**११. अनुगमनको क्रममा अन्तरवार्ता लिइएको सहभागीहरुको विवरण :**

| क्र. सं. | आवेदकको पूरा नाम | आवेदन फारम पूर्ण रुपमा भरिएको | आवेदकको नागरिकता संलग्न गरिएको | लक्षित एवं विशेष समूह खुल्ने कागजात तथा परिचय पत्र | कैफियत |
|---|---|---|---|---|---|
| ०१ | | ☐ छ ☐ छैन | ☐ छ ☐ छैन | ☐ छ ☐ छैन | |
| ०२ | | ☐ छ ☐ छैन | ☐ छ ☐ छैन | ☐ छ ☐ छैन | |
| ०३ | | ☐ छ ☐ छैन | ☐ छ ☐ छैन | ☐ छ ☐ छैन | |
| ०४ | | ☐ छ ☐ छैन | ☐ छ ☐ छैन | ☐ छ ☐ छैन | |
| ०५ | | ☐ छ ☐ छैन | ☐ छ ☐ छैन | ☐ छ ☐ छैन | |
| ०६ | | ☐ छ ☐ छैन | ☐ छ ☐ छैन | ☐ छ ☐ छैन | |
| ०७ | | ☐ छ ☐ छैन | ☐ छ ☐ छैन | ☐ छ ☐ छैन | |
| ०८ | | ☐ छ ☐ छैन | ☐ छ ☐ छैन | ☐ छ ☐ छैन | |
| ०९ | | ☐ छ ☐ छैन | ☐ छ ☐ छैन | ☐ छ ☐ छैन | |
| १० | | ☐ छ ☐ छैन | ☐ छ ☐ छैन | ☐ छ ☐ छैन | |

१. अनुगमनकर्ताको नामः................................... हस्ताक्षरः .............

२. अनुगमनकर्ताको नामः................................... हस्ताक्षरः .............

३. अनुगमनकर्ताको नामः................................... हस्ताक्षरः .............

मितिः ........................

अनुसूची-३

## तालिम सञ्चालन अनुगमन फारम-१

तालिम तथा रोजगार प्रदायक संस्थाको नाम..........................ठेगाना..................
तालिम समुह नं..........तालिमको नामः......................................................
तालिम प्रदान गरिएको स्थानः..................................................................
तालिम सुरु भएको मिति ................ तालिम सकिने मितिः ...............................
तालिम संचालन भएको समयः..................... देखि ...............................सम्म
प्रशिक्षार्थी संख्या जम्माः..... (महिला..... पुरुष......) अनुगमन दिनको उपस्थिति जम्माः...... (महिला..... पुरुष......)
तालिम संरचना (घण्टा): सैद्धान्तिक कक्षा ...... व्यावहारिक कक्षा....... ओजेटी.......
अनुगमन गर्दाको दिन तालिम सञ्चालन भएको जम्मा दिनः...............................
मुख्य प्रशिक्षकको नामः.......................... योग्यता.............. अनुभव .........वर्ष
सहायक प्रशिक्षकको नामः......................... योग्यता............... अनुभव ........वर्ष
तालिम संयोजकको नामः.................................. सम्पर्क नं. ........................

### २. तालिम व्यवस्थापन (Training Management)

| क्र.सं. | विवरण | सन्तुष्टिको अवस्था | | |
|---|---|---|---|---|
| | | नभएको (०) | आंशिक (०.५) | पूरा (१) |
| २.१ | तालिम कक्ष/(प्रशिक्षार्थी संख्या तथा Occupational Skill को आधारमा कोठाको आकार, बत्ती, प्रकाश, हावा पास हुने, खाने पानीको व्यवस्था हल्ला नहुने स्थान) को उपलब्धता | | | |
| २.२ | राष्ट्रिय पेशागत सीप मापदण्ड (NOSS) अनुसार प्रशिक्षण सामग्री/उपकरण/औजारको उपलब्धता | | | |
| २.३ | तालिम म्यानुअल, NOSS/Curriculum को उपलब्धता | | | |
| २.४ | प्राथमिक उपचार साधनको व्यवस्था | | | |
| २.५ | तालिम सत्र योजना र अभिलेख पुस्तिका (लग वुक) | | | |
| २.६ | आगन्तुक पुस्तिकाको व्यबस्था | | | |

| | | | | |
|---|---|---|---|---|
| २.७ | प्रशिक्षार्थीलाई कापी कलमको उपलब्धता | | | |
| २.८ | प्रशिक्षार्थीलाई खाजाको उपलब्धता | | | |
| २.८ | प्रशिक्षार्थी एवं प्रशिक्षकको हाजिर लिने व्यबस्था | | | |
| २.९ | प्रशिक्षार्थीको बसाइ व्यवस्था (फर्निचर, कार्पेट, आदि) को उपयुक्तता | | | |
| २.१० | खानेपानी र शौचालयको (महिला/पुरुष) व्यवस्था | | | |
| २.११ | तालिम स्थलमा तालिम सम्बन्धी जानकारी पत्र (Fact Sheet) र ब्यानरको व्यवस्था | | | |
| २.१२ | पेशागत सुरक्षाका साधनहरुको उपलब्धता र प्रयोग | | | |
| २.१३ | निर्धारित समयमा तालिम संचालन | | | |
| २.१४ | प्रशिक्षार्थीहरुको लागि हस्तपत्र (Hands out) को उपलब्धता | | | |

**३. तालिम कार्यान्वयन (Training Delivery) :**

| क्र. सं. | विवरण | सन्तुष्टिको अवस्था | | |
|---|---|---|---|---|
| | | नभएको (०) | आंशिक (०.५) | पूरा (१) |
| ३.१ | कक्षा सत्र योजना अनुसार प्रशिक्षण गरेको | | | |
| ३.२ | प्रशिक्षार्थीले बुझ्ने भाषाको प्रयोग | | | |
| ३.३ | प्रशिक्षार्थीहरुको सक्रिय सहभागिता | | | |
| ३.४ | प्रशिक्षार्थीहरुको प्रशिक्षकसँग सन्तुष्टी | | | |
| ३.५ | तालिम समय प्रशिक्षार्थीहरुसँग छलफल गरी निर्धारण गरिएको | | | |
| ३.६ | तालिममा शैक्षिक सामग्री/उपकरण/औजारको प्रयोग गरिएको | | | |
| ३.७ | प्रशिक्षकको प्रस्तुतीकरण (अनुसूची अनुसार सन्तुष्टिको अवस्था मापन गर्ने) | | | |
| ३.८ | जीवनोपयोगी तथा ब्यावसायिक तालिमको मिति तय गरिएको | | | |
| ३.९ | ओजेटीको योजना तयार गरिएको | | | |
| ३.१० | सीप परीक्षणको लागि प्रशिक्षार्थीहरुको फारम संकलन गरिएको | | | |

४. तालिम प्रदायक संस्थाको अनुगमनका लागि आन्तरिक व्यवस्था (Provision of Internal Training Monitoring):

| क्र. सं. | विवरण | सन्तुष्टिको अवस्था | | |
|---|---|---|---|---|
| | | नभएको (०) | आंशिक (०.५) | पूरा (१) |
| ४.१ | तालिम अनुगमनकर्ताको नियुक्ति गरेको | | | |
| ४.२ | प्रशिक्षकले Module को अन्तमा आवधिक Test लिएको | | | |
| ४.३ | प्रशिक्षार्थीले दिएको राय सुझाव कार्यान्वयन | | | |
| ४.४ | तालिम पश्चात रोजगारमा जाने व्यक्तिहरुको योजना बनाएको | | | |
| ४.५ | प्रशिक्षकको नियमितता | | | |
| ४.६ | प्रशिक्षार्थीको नियमितता | | | |

**प्रशिक्षार्थीले दिएको सुझाव:**

..........................................................................................................

**प्रशिक्षकले दिएको सुझाव**

..........................................................................................................

**अनुगमनकर्ताले दिएको सुझाव**

..........................................................................................................

**तालिम प्रदायक संस्थाको प्रतिक्रिया: (अनुगमनकर्ताको सल्लाह सुझाबलाई कार्यान्वयन गर्ने बारे उल्लेख गर्ने)**

..........................................................................................................

१. अनुगमनकर्ताको नाम:.................................. हस्ताक्षर:..................

२. अनुगमनकर्ताको नाम:.................................. हस्ताक्षर:..................

३. अनुगमनकर्ताको नाम:.................................. हस्ताक्षर:..................

मिति:........................

अनुसूची-४

## तालिम सञ्चालन अनुगमन फारम-२

तालिम तथा रोजगार प्रदायक संस्थाको नाम..........................ठेगाना.................
तालिम समुह नं.....................तालिमको नामः................................................
तालिम प्रदान गरिएको स्थानः...................................................................
तालिम सुरु भएको मिति ......................... तालिम सकिने मितिः ..........................
तालिम संचालन भएको समयः......................... देखि .............................सम्म
प्रशिक्षार्थी संख्या जम्माः...... (महिला...... पुरुष.......)
अनुगमन दिनको उपस्थिति जम्माः....... (महिला...... पुरुष.......)
तालिम संरचना (घण्टा): सैद्धान्तिक कक्षा ......... व्यावहारिक कक्षा........ ओजेटी.....
अनुगमन गर्दाको दिन तालिम सञ्चालन भएको जम्मा दिनः...............................
मुख्य प्रशिक्षकको नामः.............................. योग्यता.................अनुभव .......वर्ष
सहायक प्रशिक्षकको नामः............................ योग्यता..............अनुभव ........वर्ष
तालिम संयोजकको नामः.................................. सम्पर्क नं. ........................

### २. तालिम व्यवस्थापन (Training Management)

| क्र. सं. | विवरण | सन्तुष्टिको अवस्था | | |
|---|---|---|---|---|
| | | नभएको (०) | आंशिक (०.५) | पूरा (१) |
| २.१ | तालिम कक्षा/(प्रशिक्षार्थी संख्या तथा Occupational Skill को आधारमा कोठाको आकार, बत्ती, प्रकाश, हावा पास हुने, खाने पानीको व्यवस्था, हल्ला नहुने स्थान) को उपलब्धता | | | |
| २.२ | राष्ट्रिय पेशागत सीप मापदण्ड (NOSS) अनुसार प्रशिक्षण सामग्री/ उपकरण/औजारको उपलब्धता | | | |
| २.३ | तालिम म्यानुअल, NOSS/Curriculum को उपलब्धता र प्रयोग | | | |
| २.४ | प्राथमिक उपचार साधनको उपलब्धता र प्रयोग | | | |
| २.५ | तालिम सत्र योजना र अभिलेख पुस्तिका (लग वुक) | | | |
| २.६ | आगन्तुक पुस्तिकाको व्यबस्था | | | |
| २.७ | प्रशिक्षार्थीलाई कापी कलमको उपलब्धता | | | |
| २.८ | प्रशिक्षार्थीलाई तोकिए वमोजिमको खाजाको उपलब्धता | | | |
| २.९ | प्रशिक्षार्थी एंव प्रशिक्षकको हाजिर लिने व्यवस्था | | | |

| | | | | |
|---|---|---|---|---|
| २.१० | प्रशिक्षार्थीको बसाइ व्यवस्था (फर्निचर, कार्पेट, आदि) को उपयुक्तता | | | |
| २.११ | खाने पानी र शौचालयको (महिला/पुरुष) व्यवस्था | | | |
| २.१२ | तालिम स्थलमा तालिम सम्बन्धी जानकारी पत्र (Fact Sheet) र व्यानरको व्यवस्था | | | |
| २.१३ | पेशागत सुरक्षाका साधनहरुको उपलब्धता र प्रयोग | | | |
| २.१४ | निर्धारित समयमा तालिम संचालन | | | |
| २.१५ | प्रशिक्षार्थीहरुको लागि हस्तपत्र (Hands Out) को उपलब्धता | | | |

**३. तालिम कार्यान्वयन (Training Delivery) :**

| क्र. सं. | विवरण | सन्तुष्टिको अवस्था | | |
|---|---|---|---|---|
| | | नभएको (०) | आंशिक (०.५) | पूरा (१) |
| ३.१ | कक्षा सत्र योजना अनुसार प्रशिक्षण गरेको | | | |
| ३.२ | प्रशिक्षार्थीले बुझ्ने भाषाको प्रयोग | | | |
| ३.३ | प्रशिक्षार्थीहरुको सक्रिय सहभागिता | | | |
| ३.४ | तालिम संचालन समय प्रशिक्षार्थीहरुसँग छलफल गरी निर्धारण गरिएको | | | |
| ३.५ | तालिममा शैक्षिक सामग्री /उपकरण/औजारको प्रयोग गरिएको | | | |
| ३.६ | प्रशिक्षकको प्रस्तुतीकरण | | | |
| ३.७ | जीवनोपयोगी तालिम संचालन गरेको | | | |
| ३.८ | व्यावसायिक सीप तालिम संचालन गरेको | | | |
| ३.९ | प्रशिक्षार्थीहरुको ओजेटी Profile तयार गरिएको/ओजेटीमा गएको | | | |
| ३.१० | प्रशिक्षार्थीले व्यावहारिक कक्षामा ज्यावल तथा औजारहरु चलाउन पाउने | | | |
| ३.११ | ओजेटीको अवधिमा प्रशिक्षकको स्थलगत सहयोग तथा उपस्थिति भएको | | | |
| ३.१२ | सीप परीक्षाको लागि आवश्यक प्रक्रिया पुरा गरेको (फारम भर्ने, मिति लिने आदि) | | | |

**४. तालिम प्रदायक संस्थाको अनुगमनका लागि आन्तरिक व्यवस्था (Provision of Internal Training Monitoring):**

| क्र. सं. | विवरण | सन्तुष्टिको अवस्था | | |
|---|---|---|---|---|
| | | नभएको (०) | आंशिक (०.५) | पूरा (१) |
| ४.१ | तालिम अनुगमनकर्ताको नियुक्ति गरेको | | | |
| ४.२ | अनुगमनकर्ताले अनुगमन गरेको रेकर्ड व्यवस्थापन र सुझाव कार्यान्वयन | | | |
| ४.३ | प्रशिक्षार्थीले दिएको राय सुझाव कार्यान्वयन | | | |
| ४.४ | तालिम पश्चात रोजगारमा जाने व्यक्तिहरुको योजना बनाएको | | | |
| ४.५ | प्रशिक्षकको नियमितता | | | |
| ४.६ | प्रशिक्षार्थीको नियमितता | | | |
| ४.७ | प्रशिक्षकले Module को अन्तमा आवधिक Test लिएको | | | |

**प्रशिक्षार्थीले दिएको सुझावः**

..................................................................................................................

**प्रशिक्षकले दिएको सुझाव**

..................................................................................................................

**अनुगमनकर्ताले दिएको सुझाव**

..................................................................................................................

**तालिम प्रदायक संस्थाको प्रतिक्रियाः (अनुगमनकर्ताको सल्लाह सुझावलाई कार्यान्वयन गर्ने बारे उल्लेख गर्ने)**

..................................................................................................................

१. अनुगमनकर्ताको नामः.................................. हस्ताक्षरः..................

२. अनुगमनकर्ताको नामः.................................. हस्ताक्षरः.................

३. अनुगमनकर्ताको नामः.................................. हस्ताक्षरः..................

मितिः........................

अनुसूची-५

## सीप परीक्षण सम्बन्धी अनुगमन फारम

रोजगार तथा सेवा प्रदायक संस्थाको नामः ................................विषय ................
सीप परीक्षण स्थान ................. जिल्ला .............. तालिम समूह ....................
सीप परीक्षणमा प्रशिक्षार्थीको संख्या ............ पुरुष ............ महिला ............

| अवस्था | अवलोकनका सूचकहरु | उपलब्धता | | | कैफियत |
|---|---|---|---|---|---|
| | | नभएको | आंशिक भएको | पुरा भएको | |
| तयारी | सीप परीक्षण कक्ष (कोठाको आकार, बत्ती, प्रकाश, हावा पास हुने, खाने पानीको व्यवस्था, हल्ला नहुने स्थान र शौचालय) को उपलब्धता | | | | |
| | औजार र सामाग्रीहरुको उपलब्धता | | | | |
| | शैक्षिक सामाग्री र अन्य सहयोगी समानको उपलब्धता | | | | |
| | प्रयोगात्मक परीक्षाका लागि फिल्ड/ प्रयोगशाला / कार्याशालाको व्यवस्था | | | | |
| | सीप परीक्षणका लागि आवश्यक जनशक्तिको व्यवस्था (मूल्यांकनकर्ता, व्यवस्थापक, सहयोगी कर्मचारी) | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रशिक्षार्थीहरुलाई सीप परीक्षण कार्यको अभिमुखीकरण | | | | |
| | सीप परीक्षणको क्रममा आवश्यक सहयोग | | | | |
| कार्यान्वयन | सीप परीक्षणको क्रममा सुरक्षा लगायत सीप परीक्षणको स्तर मापन कायम | | | | |
| | तोकिए अनुसारको समय अवधिको पालना | | | | |
| | सीप परीक्षणकर्ताहरुले प्रशिक्षार्थीहरु सँग गरेको व्यावहार | | | | |

प्रबन्धकः ..............................................................

मूल्यांकनकर्ता १. ....................................... परिचयपत्र नं. ..........................

मूल्यांकनकर्ता २. ....................................... परिचयपत्र नं. ..........................

मूल्यांकनकर्ता ३. ....................................... परिचयपत्र नं. ..........................

अनुगमनकर्ताको धारणा

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

१. अनुगमनकर्ताको नामः................................. हस्ताक्षरः..................

२. अनुगमनकर्ताको नामः................................. हस्ताक्षरः.................

३. अनुगमनकर्ताको नामः................................. हस्ताक्षरः..................

मितिः........................

अनुसूची-६

## प्रशिक्षार्थीको रोजगारी तथा आम्दानी रूजु फारम

(तीन/छ महिने रोजगार तथा आम्दानी)

(अनुगमन गर्न जानुअघि नमूना सूची (Sample list) को आधारमा भर्नुपर्ने तर फिल्डमा तालिमप्राप्त व्यक्तिसँग पुनः रुजु गर्ने)

**१. व्यक्तिगत विवरण**

नामः.......................................थर ............................ उमेर (वर्ष)........

लिङ्गः ☐ महिला ☐ पुरुष ☐ अन्य

लक्षित समूहः ☐ ए ☐ वी ☐ सी शैक्षिक योग्यताः................................

मोवाइल नंः........................ फोन नंः.........................

ठेगानाः जिल्ला.............................. गा.पा./न.पा .....................................

....... वडा नं......... टोल.............................

**२. तालिम विवरण**

तालिमको नामः ......................... तह................. तालिम समूह नं................

तालिम लिएको स्थानः जिल्ला.......... गा.पा./न.पा............. टोलः ......वडा नं......

तालिम शुरु भएको मितिः ...................... तालिम सकिएको मितिः......................

तालिम प्रदान गर्ने संस्थाको नामः...................................... ठेगानाः....................

औसत तीन/छ महिनाको आम्दानी (तालिम प्रदायक संस्थाको प्रतिवेदनको आधारमा) रु. .......................................................

**३. तालिम प्राप्त गरेपछि तपाईको रोजगारीको अवस्था कस्तो छ ?**

| तालिम प्राप्त गरिसकेपछिको समय | **स्वदेशमा सम्बन्धित काम गरेको**<br>१. स्वदेशमा ज्याला/तलबमा काम गरेको,<br>२. स्वदेशमा आफ्नै व्यवसाय गरेको,<br>३. भारतमा गई सम्बन्धित काम गरेको<br>४. तेस्रो मुलुकमा गई सम्बन्धित काम गरेको,<br>५. बेरोजगार ☐ Grace period लिएको ☐ Grace period नलिएको | | | |
|---|---|---|---|---|
| | महिनाको नाम | रोजगारको विवरण | मासिक आम्दानी ने.रु. | कैफियत |
| पहिलो | | | | |
| दोस्रो | | | | |

| | | | | |
|---|---|---|---|---|
| तेस्रो | | | | |
| जम्मा रु. (३ महिनाको आम्दानी लिने) | | | | |
| चौथो | | | | |
| पाँचौ | | | | |
| छैठौं | | | | |
| सातौं | | | | |
| आठौं | | | | |
| जम्मा रु. (६ महिनाको आम्दानी लिने) | | | | ☐ Gainfully Employed |
| जम्मा ६ महिनाको औसत आम्दानी रु. | | | | ☐ Not Gainfully Employed |
| यदि Not Gainfully Employed मा चिन्ह लगाएको भए, त्यसको कारणः–<br>☐ आम्दानी नपुगेको ☐ सम्बन्धित बिषयमा काम नगरेको ☐ उमेर नमिलेको<br>☐ तालिम पूर्व रोजगारमा रहेको पाइएको | | | | |

हाल तालिम सम्बन्धी काम निरन्तर रूपमा गरिरहनु भएको छ ? ☐ छ ☐ छैन

## ४. रोजगारी विवरणः

हालको रोजगारीको प्रकृति (चिन्ह लगाउनुहोस्):

☐ आफ्नै व्यवसाय ☐ रोजगारदाता/कम्पनी

व्यवसाय/रोजगारदाता/कम्पनीको नामः.....................................................

सम्पर्क व्यक्ति र नं.....................................

ठेगानाः जिल्ला............. गा.पा. /न.पा ..................वडा नं....... टोल.............

पेशाको नाम ....................................................... व्यवसाय/रोजगार शुरु गरेको मितिः.................................

## ५. यदि मासिक औषत आम्दानी रु.९,७००/- भन्दा कम भए, कम हुनुका मुख्य कारण के हो ?

☐ नियमित काम नपाएर ☐ ज्याला कम पाएकोले

☐ घरायसी कारणले पुरा समय दिन नसकेको

☐ काम सिक्दै गरेकोले ☐ अन्यः .................................

**६. तपाईलाई व्यवसाय/रोजगारी गर्दा देखिएका मुख्य मुख्य समस्याहरू के के हुन् ?**

☐ थप सीप नपुगेको ☐ बजारको अभाव ☐ ग्राहकहरूले विश्वास नगरेको

☐ कच्चा पदार्थको अभाव

☐ अन्य..........................................................................................................

**७. तपाईको कार्यस्थलमा सुरक्षाका लागि कस्तो व्यवस्था छ ?**

☐ सुरक्षा सामग्री उपलब्ध नगराएको र प्रयोग नगरेको

☐ सुरक्षा सामग्री उपलब्ध गराएको तर प्रयोग नगरेको

☐ सुरक्षा सामग्री माग गरेको तर उपलब्ध नगराएको

☐ सुरक्षा सामग्रीबारे थाहा नभएको

**८. तपाईले दैनिक जम्मा कति घण्टा काम गर्नुहुन्छ ?**

☐ अधिकतम ८ घण्टा ☐ ८ घण्टा भन्दा बढी

यदि ८ घण्टा भन्दा बढी काम गरेको भए ओभरटाइम भुक्तानी व्यवस्था छ ?

☐ छ ☐ छैन

**९. तपाईले रोजगार रहनुभएको संस्थामा नियुक्तिपत्र वा करारपत्र सम्बन्धी कस्तो व्यवस्था छ ?**

☐ नियुक्तिपत्र वा करारपत्र उपलब्ध गराएको

☐ माग गरेको तर उपलब्ध नगराएको

☐ उपलब्ध गराउन प्रतिबद्धता जाहेर गरेको

☐ नियुक्तिपत्र वा करारपत्र सम्बन्धी थाहा नभएको

**१०. आफ्नै व्यवसाय (सेवा/उत्पादन) सुरु वा बैदेशिक रोजगारमा गएको भए सोको लागि आवश्यक पूँजीको व्यवस्था कहाँबाट गर्नु भयो ?**

*(यो प्रश्न ऋण लिएर आफ्नो व्यवसाय वा बैदेशिक रोजगारमा जानेलाई मात्र लागू हुनेछ ।)*

☐ सहकारी संस्थाबाट ☐ बचत तथा ऋण समूहबाट ☐ लघुवित्तबाट

☐ आफ्नै लगानीबाट

☐ बैंकबाट (नाम खुलाउन)..................... ☐ अन्य ..................................

जम्मा लगानी रू........... आफ्नै लगानी रू........... ऋण लिएको रकम रू............

**११. ऋण लिएको भए ऋणको बार्षिक ब्याजदर (%) ...........    ऋण चुक्ता गर्नु पर्ने अवधि (महिना/वर्ष)........................**

**१२. आफ्नै ब्यवसाय (सेवा/उत्पादन) शुरु गर्न वा बैदेशिक रोजगारमा जान ऋण आवश्यक भएको तर लिन नसकेको भए कारण खुलाउनुहोस् ।**

*(यो प्रश्न पूँजीको कमीले आफ्नो ब्यवसाय शुरु गर्न वा बैदेशिक रोजगारमा जान नसकेकालाई मात्र सोध्ने।)*

☐ ऋणको लागि धितोको कमी    ☐ ऋण लिने प्रकृया झन्झटिलो

☐ ऋण लिन प्रकृया जानकारीको कमी    ☐ ऋण दिने स्थानीय संस्था नभएर

☐ ऋण तिर्न सक्ने आत्मबिश्वास नभएर    ☐ महँगो ब्याजदर

**१३. तपाईको आफ्नो व्यवसायमा कसैलाई ज्याला/तलबमा राख्नु भएको छ ?**

☐ छ    ☐ छैन

यदि छन् भने कति जना ? ............. आफूसँगै तालिम लिएका ...............

तालिम नलिएका ............

**१४. आफ्नो व्यवसाय/रोजगारी शुरु गर्नका लागि तपाईलाई तालिम प्रदायक संस्थाले कसरी सहयोग गरेको छ ?**

☐ उपकरण तथा सामग्री ☐ ऋण परामर्श सहयोग    ☐ ऋण सहयोग

☐ परामर्श सहयोग    ☐ रोजगारदातासँग मर्यादित कामबारे सहजीकरण

☐ सहयोग गरेको छैन

**१५. तपाई आफ्नो तालिम तथा रोजगार प्रदायक संस्थाले रोजगारीका लागि पुऱ्याएको सहयोगबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

| ☺ एकदम सन्तुष्ट | ☺ सन्तुष्ट | 😐 ठीकै | ☹ थोरै सन्तुष्ट | ☹ सन्तुष्ट छैन |
|---|---|---|---|---|
| ५ | ४ | ३ | २ | १ |

**१६. तपाईले लिनुभएको निम्नलिखित तालिमबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?***(अङ्क दिनुहोस्)*

| तालिमका विषय | एकदम सन्तुष्ट (५) | सन्तुष्ट (४) | ठीकै (३) | थोरै सन्तुष्ट (२) | सन्तुष्ट छैन (१) |
|---|---|---|---|---|---|
| प्राविधिक तालिम (Skill training) | | | | | |
| जीवन उपयोगी तालिम (Life skill)* | | | | | |
| व्यवसाय विकास तालिम (Business Skill)* | | | | | |

**१७.तपाईंले राष्ट्रिय सीप परीक्षण समितिको परीक्षा उत्तीर्ण गर्नुभएको भए सीप परीक्षाको प्रमाण-पत्र पाउनुभयो ?**

☐ छ ☐ छैन यदि छैन भने नपाउनुको कारण ....................................

**१८. प्रशिक्षार्थीको आम्दानी रुजु अनुगमनकर्ताबाट कसरी गरियो ?**

☐ प्रशिक्षार्थीसँग प्रत्यक्ष भेटेर ☐ प्रशिक्षार्थीसँग टेलिफोनमा कुरा गरेर

☐ प्रशिक्षार्थीलाई काम दिने रोजगारदातासँग कुरा गरेर

☐ प्रशिक्षार्थीको नातेदारसँग कुरा गरेर, (नाता.....................)

☐ प्रशिक्षार्थीको आवश्यक कागज हेरेर (वैदेशिक रोजगारको हकमा मात्र)

उत्तरदाताको सल्लाह/सुझाव : ..................................................................
..........................................................................................................
अनुगमनकर्ताको सल्लाह/सुझाव : ..............................................................
..........................................................................................................

| **इभेन्टको तर्फबाट (अनुगमनकर्ता क)** | **इभेन्टको तर्फबाट (अनुगमनकर्ता ख)** | **तालिम प्रदायक संस्थाको तर्फबाट** | **उत्तरदाताको तर्फबाट** |
|---|---|---|---|
| हस्ताक्षर :.............. | हस्ताक्षर :.............. | हस्ताक्षर :.............. | हस्ताक्षर :.............. |
| नामः .................... | नामः .................... | नामः .................... | नामः .................... |
| मितिः .................. | मितिः .................. | मितिः .................. | मितिः .................. |

अनुसूची-७

## रोजगार तथा आम्दानी प्रमाणीकरणका लागि रूजु सूची

संयुक्त अनुगमन टोलीले स्थलगत रुपमा रोजगार तथा आम्दानी प्रमाणीकरण गर्ने क्रममा सामान्य अवस्था बाहेक प्रशिक्षार्थीको रोजगारीबाट प्राप्त आम्दानी तपसिल बुँदाहरुलाई आधार मानेर प्रमाणीकरण गरिनेछ ।

१. तालिम पश्चात छ महिनाको कुनै पनि महिनामा काम गरेर औसत आम्दानी आर्जन गरेको छ भने त्यसलाई Gainful मानिनेछ ।

२. तालिम पश्चात ६ महिना भित्र काम गरेर औसत आम्दानी आर्जन गरेको र अनुगमन/रुजुको क्रममा काम गर्न छोडेको पाइएमा Gainful मानिनेछ ।

३. तालिम पश्चात Graduate काम गर्दा गर्दै निजको मृत्यु भएमा वैकल्पिक सूचीबाट रुजु गरिनेछ ।

४. अनुसूची ६ मा उल्लेख भए अनुसार प्रशिक्षार्थी रोजगारी तथा आम्दानी फारममा अनुगमनकर्ताको तर्फबाट संयुक्त अनुगमन टोलीका सदस्यहरु, तालिम तथा रोजगार प्रदायक संस्थाको प्रतिनिधि र सम्बन्धित रोजगारमा जाने प्रशिक्षार्थीले अनिवार्य रुपमा दस्तखत गर्नुपर्नेछ । सम्बन्धित तालिम तथा रोजगार प्रदायक संस्थाको प्रतिनिधिले दस्तखत नगरेको अवस्थामा सम्बन्धित रोजगारमा जाने प्रशिक्षार्थीले दस्तखत गरेको आधारमा आम्दानी रुजु प्रमाणीकरण गरिनेछ ।

५. सम्बन्धित प्रशिक्षार्थीले आफुले तालिम लिएको क्षेत्रमा व्यवसाय शुरु गरेको हकमा व्यवसायको कूल आम्दानीलाई गणना गरिनेछ ।

६. तालिम पश्चात तालिम लिएको व्यक्तिले पारिवारिक रुपमा व्यवसाय गरेको छ र अन्य परिवारको सदस्यहरु पनि संलग्न छन् भने व्यवसायको कूल आयलाई परिवारको सदस्यले भाग गर्ने त्यसबाट आएको आम्दानीलाई मात्र गणना गर्ने ।

७. रोजगार तथा आम्दानी प्रमाणीकरण गर्ने क्रममा तालिम लिएको व्यक्तिको भनाईलाई नै पहिलो प्राथमिकता दिनु पर्छ । तर निजको भनाई विश्वसनीय नलागेमा रोजगारदातालाई सोधेर, आमा बाबुलाई सोधेर, श्रीमान श्रीमतीलाई सोधेर आयको रुजु गरिनेछ ।

८. साझेदारी/सामूहिक रुपमा व्यवसाय गरेको छ भने कूल आम्दानीलाई साझेदार सदस्य बीच बराबरी भाग गरी आएको आम्दानीलाई एक जनाको आम्दानी मानिनेछ ।

९. तालिम लिएको व्यक्ति वैदेशिक रोजगारका लागि विदेश गएको अवस्थामा भाइवर वा स्काइप मार्फत भिडियो कल गर्न सकिने छ अथवा तपसिल वमोजिमको प्रमाणको

आधारमा रोजगार तथा आम्दानी प्रमाणीकरण गरिनेछ। प्रमाणको आधारमा रुजु गर्नु परेमा तलका मध्ये तीन वटा आधारहरु अनिवार्य पेश गर्नुपर्नेछ

- पासपोर्टको प्रतिलिपि,
- भिसाको प्रतिलिपि,
- रोजगारदाताको सम्झौता पत्रको प्रतिलिपि (अनिवार्य),
- हवाई टिकटको प्रतिलिपि (अनिवार्य),
- श्रम विभागको अभिमुखीकरणको लागि तिरेको रसिदको प्रतिलिपि,
- श्रम विभागको वैदेशिक रोजगारीको लागि श्रम इजाजतपत्रको प्रतिलिपि,
- बिमा कम्पनीको प्रतिलिपि

१०. तालिम पश्चात छ महिनाको अवधिमा विभिन्न कारण (बिरामी परेमा, सुत्केरी भएमा, बिवाह भई अन्य ठाउँमा गएमा, ढिलो व्यवसाय शुरु गरेमा) जस्ता कारणले औसत आम्दानी नपुगेमा Gainful मानिने छैन ।

११. तालिम लिएको सम्बन्धित विषय/पेशामा काम नगरी अन्य पेशामा काम गरी आय आर्जन गरेको पाइएमा Gainful मानिने छैन ।

१२. तालिम पश्चात तालिम लिएको व्यक्ति रुजुको क्रममा सम्पर्क बाहिर भए निजको ठाउँमा वैकल्पिक Sample बाट रुजु गरिनेछ । वैकल्पिक Sample समेत नभएमा सम्पर्क बाहिर रहेको सहभागीको गणना गरी Gainful मानिने छैन ।

१३. तालिम लिएको व्यक्तिले तालिम पश्चात रोजगारीबाट अथवा आफ्नो व्यवसायबाट प्राप्त गरेको आम्दानीलाई मात्र निजको आयको रुपमा गणना गरिनेछ। जस्तैः आफ्नो घरको लागि काम गरेको, तलव बाहेक अन्य सुबिधालाई आयको रुपमा गणना गरिने छैन ।

१४. निर्दिष्ट छ महिना सम्मको आम्दानीलाई मात्र गणना गरिनेछ तर ६ महिना पछिको सम्भावित आम्दानीलाई गणना गरिने छैन ।

१५. तालिमको सन्दर्भमा ओजेटी गर्दा आर्जन गरेको आम्दानीलाई गणना गरिने छैन ।